15TH of Jan 2026

National News

मुख्य समाचार

- सेना दिवसमा राष्ट्रपति द्रौपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा वीर सैनिक, पूर्व सैनिक र परिवारलाई शुभकामना
- लोकतन्त्रको मूल भावना जनसेवा भएको प्रधानमन्त्री मोदीको भनाई
- एसबीआई–योनो एप ब्लक हुने दाबी फर्जी, पीआईबीले एपीके डाउनलोड नगर्न दियो चेतावनी
- केन्द्र सरकारले सिक्किमका ग्रामीण स्थानीय निकायका लागि 643 दशमलव 50 लाख रुपैयाँ अनुमोदन

सेना दिवसमा राष्ट्रपति द्रौपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा वीर सैनिक, पूर्व सैनिक र परिवारलाई शुभकामना

आज अठातर औं सेना दिवसको अवसरमा राष्ट्रपति द्रौपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीले वीर सैनिकहरू, पूर्व सैनिकहरू तथा उनीहरूको परिवारलाई शुभकामना व्यक्त गर्नुभएको छ। राष्ट्रपति मुर्मूले सामाजिक सञ्जालमार्फत जारी सन्देशमा भारतीय सेना राष्ट्रको एकता, सार्वभौमिकता र अखण्डताको रक्षा गर्न दृढतापूर्वक प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। उहाँले भारतीय सैनिकहरूले देशका सीमाहरूको सुरक्षा गर्नुका साथै प्राकृतिक विपत्ति र मानवीय संकटका समयमा महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको बताउनुभयो। राष्ट्रपति मुर्मूले 'राष्ट्र सर्वोपरि' भन्ने उनीहरूको अटल भावना हरेक भारतीयका लागि प्रेरणाको स्रोत रहेको पनि उल्लेख गर्नुभयो।

प्रधानमन्त्री मोदीले राष्ट्रले भारतीय सेनाको साहस र दृढ प्रतिबद्धतालाई नमन गर्ने बताउनुभयो। उहाँले सैनिकहरूलाई निःस्वार्थ सेवाको प्रतीकको रूपमा चित्रण गर्दै कठिन र चुनौतीपूर्ण परिस्थितिमा पनि उनीहरूले देशको रक्षा गरिरहेको उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले सैनिकहरूको कर्तव्यनिष्ठाले देशभर विश्वास र कृतज्ञताको भावना जागृत गराउने बताउँदै राष्ट्रको सेवामा आफ्नो जीवन बलिदान गर्ने वीर सैनिकहरूलाई श्रद्धापूर्वक स्मरण गर्नुभयो।

## राष्ट्रमण्डल सम्मेलनमा प्रधानमन्त्री मोदी, लोकतन्त्रको मूल भावना जनसेवा भएको बताए

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतमा लोकतन्त्रको मूल अर्थ अन्तिम पंक्तिमा रहेका नागरिकसम्म सेवा पुऱ्याउनु भएको उल्लेख गर्नुभएको छ। नयाँ दिल्लीस्थित संविधान सदनमा आयोजित राष्ट्रमण्डल राष्ट्रहरूको संसदका अध्यक्ष तथा पीठासीन अधिकारीहरूको सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सरकारले बिना भेदभाव जनकल्याणलाई प्राथमिकता दिएको बताउनुभयो।

प्रधानमन्त्रीले भारतले विविधतालाई आफ्नो शक्तिमा रूपान्तरण गर्दै विश्वकै तीव्र गतिमा बढिरहेको प्रमुख अर्थतन्त्र बनेको उल्लेख गर्नुभयो। उहाँका अनुसार पछिल्ला वर्षहरूमा करिब 25 करोड मानिस गरिबीबाट बाहिर निस्किएका छन् र भारतको युपिआई विश्वकै सबैभन्दा ठूलो डिजिटल भुक्तानी प्रणाली बनेको छ।

प्रधानमन्त्री मोदीले भारत विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भएको उल्लेख गर्दै 2024-को आम निर्वाचन मानव इतिहासकै सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यास भएको बताउनुभयो। साथै, भारतले ग्लोबल साउथका मुद्दालाई विश्व मञ्चमा मजबुत रूपमा उठाउँदै आएको पनि उहाँले स्पष्ट पार्नुभयो।

## एसबीआई–योनो एप ब्लक हुने दाबी फर्जी, पीआईबीले एपीके डाउनलोड नगर्न चेतावनी

सरकारले स्टेट बैंक अफ इन्डिया (एसबीआई) को नाम प्रयोग गरी सामाजिक सञ्जालमा फैलाइँदै आएको एउटा सन्देशको खण्डन गरेको छ। उक्त सन्देशमा प्रयोगकर्ताहरूले आधार अपडेट गर्न एपीके (APK) फाइल डाउनलोड र इन्स्टल गर्नुपर्ने दाबी गरिएको छ। भिडियोमा आधार अपडेट नगरे एसबीआई योनो एप ब्लक हुने भनिएको छ।

प्रेस सूचना कार्यालय (पीआईबी) को फ्याक्ट चेक युनिटले यस दाबीलाई पूर्ण रूपमा फर्जी भनेको छ। पीआईबीले सर्वसाधारणलाई कुनै पनि प्रकारको एपीके फाइल डाउनलोड नगर्न तथा आफ्नो व्यक्तिगत, बैंकिङ वा आधारसम्बन्धी जानकारी कसैसँग पनि साझा नगर्न कडा सल्लाह दिएको छ। पीआईबीले यस्ता शंकास्पद सन्देशहरू आवश्यक कारबाहीका लागि report.phishing@sbi.co.in मा रिपोर्ट गर्न नागरिकहरूलाई आग्रह गरेको छ।

## ला नीनाको प्रभाव पछि पनि 2025 विश्वको तेस्रो सबैभन्दा तातो वर्ष, जलवायु संकट गहिरिँदै

ला नीना को प्रभावका कारण 2025 मा विश्वव्यापी औसत तापक्रममा केही हदसम्म गिरावट देखिए पनि समग्र जलवायु अवस्था अझै गम्भीर र चिन्ताजनक रहेको छ। तथ्याङ्कअनुसार 2025 विश्वकै तेस्रो सबैभन्दा तातो वर्षका रूपमा अभिलेखित भएको छ। यो तापक्रम औद्योगिक क्रान्तिभन्दा अघिको स्तरको तुलनामा करिब 1 दशमलव 44 डिग्री सेल्सियस बढी थियो।

पछिल्ला 11 वर्ष लगातार अहिलेसम्मकै सबैभन्दा तातो वर्षहरू बनेका छन्, जसले विश्वव्यापी तापक्रम वृद्धि तीव्र गतिमा अघि बढिरहेको संकेत गर्छ।

वैज्ञानिकहरूका अनुसार हालको तापक्रम वृद्धि केवल GREEN HOUSE ग्यास उत्सर्जनका कारण मात्र सीमित छैन। पृथ्वीको करिब 9 प्रतिशत भूभाग र लगभग 77 करोड जनसंख्याले अभूतपूर्व गर्मीको सामना गरेका थिए। जमिन क्षेत्र महासागरको तुलनामा छिटो तातिएको देखिएको छ, जहाँ औसत तापक्रम औद्योगिक क्रान्तिपूर्वको स्तरभन्दा करिब 2 दशमलव 3 डिग्री सेल्सियस बढी पुगेको थियो।

क्यालिफोर्नियामा लागेको डढेलो र 'मेलिसा' आँधी जस्ता चरम मौसमी घटनाहरूले जलवायु परिवर्तनका बढ्दो असरहरू स्पष्ट पारेका छन्। अनुसन्धानकर्ताहरूका अनुसार ला नीना, वर्षमै पनि अत्यधिक गर्मीको निरन्तरता चिन्ताजनक विषय हो, जसले विश्व तापक्रम वृद्धिको गति अझ तीव्र बन्दै गएको संकेत गर्छ।

विशेषज्ञहरूको अनुमानअनुसार यस दशकको अन्त्यसम्ममा विश्वले 1 दशमलव 5 डिग्री सेल्सियस तापक्रम वृद्धि सीमा पार गर्ने सम्भावना उच्च छ।

<u>केन्द्र सरकारले सिक्किमका ग्रामीण स्थानीय निकायका लागि 643 दशमलव 50 लाख रुपैयाँ अनुमोदन</u>

केन्द्र सरकारले सिक्किमका ग्रामीण स्थानीय निकायका लागि पन्ध्रौँ वित्त आयोग (XV Finance Commission) अन्तर्गत आर्थिक वर्ष 2025-26 को पहिलो किस्ता स्वरूप 643 दशमलव 50 लाख रुपैयाँ अनुमोदन गरेको छ। यो अनुदान राज्यका 5 जिल्ला पञ्चायत र 199 योग्य निकायका ग्राम पञ्चायत लागि प्रदान गरिएको हो। साथै, आर्थिक वर्ष 2024-25को अनटाइड अनुदानको दोस्रो किस्ताबाट रोकिने गरी राखिएको 17 दशमलव 50 लाख रुपैयाँ पनि अतिरिक्त रूपमा योग्य बनेको 1 जिल्ला पञ्चायत लाई अनुमोदन गरिएको छ। भारत सरकारअन्तर्गत पञ्चायती राज मन्त्रालय तथा जल शक्ति मन्त्रालयले पञ्चायती राज संस्था (PRI) / ग्रामीण स्थानीय निकाय (RLB) का लागि पन्ध्रौँ वित्त आयोगका अनुदान राज्यहरूलाई सिफारिस गर्छन्, जसलाई वित्त मन्त्रालयमार्फत अनुमोदन गरिन्छ। यी अनुदानहरू एक आर्थिक वर्षमा दुई किस्तामा वितरण गरिन्छ। अनटाइड अनुदान पञ्चायती राज संस्था तथा ग्रामीण स्थानीय निकायहरूले संविधानको एघारौँ अनुसूचीमा उल्लेखित 29 विषयहरू अन्तर्गत स्थानीय आवश्यकताअनुसार प्रयोग गर्न

सक्नेछन्। यद्यपि, यी अनुदान तलब तथा अन्य प्रशासनिक खर्चमा प्रयोग गर्न पाइने छैन। टाइड अनुदान भने आधारभूत सेवाका लागि प्रयोग गरिनेछ, जसअन्तर्गत

(क) सरसफाइ तथा खुला दिसामुक्त (ODF) स्थिति कायम राख्ने कार्य, घरेलु फोहोर व्यवस्थापन, मानव मलमूत्र तथा फेकल स्लज व्यवस्थापनजसता विषय समावेश छन्।